प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# विज्ञप्ती

केही सामाजिक सञ्जालमा गण्डकी प्रदेश सरकारले नेपाल सरकार, अर्थ मन्त्रालयबाट चालु आर्थिक वर्ष २०७५/७६ का लागि प्राप्त समपूरक अनुदान तथा विशेष अनुदान रकम खर्च गर्न कदम नचालेको आग्रहपूर्ण भनाई सार्वजनिक भएकोमा प्रदेश सरकारको ध्यान आकृष्ट भएको छ। यस सम्बन्धमा भएको वास्तविकता देहाय अनुसार छः-

१. गण्डकी प्रदेश सरकारका विभिन्न विषयगत मन्त्रालयले समपूरक अनुदानतर्फ १६ वटा र विशेष अनुदानतर्फ ३९ वटा आयोजनाको लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा अनुरोध गरी प्रस्ताव पेश गरेको थियो।

२. तर नेपाल सरकार, अर्थ मन्त्रालयले गण्डकी प्रदेश सरकारले पेश गरेको प्रस्ताव अनुसार आयोजना छनौट नगरी सबै आयोजनामध्ये प्रदेश सरकारले नै प्राथमिकताका आधारमा छनौट गर्ने र सोको ६०% प्रदेश सरकारले व्यहोर्ने एवं ४०% मात्रै अर्थमन्त्रालयले उपलब्ध गराउने जानकारी सहित समपूरक अनुदानतर्फ रू. ६८ करोड र विशेष अनुदान तर्फ रू. ६७ करोड ३६ लाख सिलिङ प्राप्त भएको यथार्थता जानकारी गराउनु चाहन्छु।

३. विषयगत मन्त्रालयसँग छलफल गर्दा समपूरक अनुदानतर्फका ६ वटा आयोजनाहरूले "समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५" को दफा ३ ले तोकेका क्षेत्र बाहिरका आयोजना एवं कार्यक्रम प्रस्ताव गरेकोले उक्त ६ वटा आयोजना कार्यान्वयन गर्न नसकिने भनी निर्णय गरेको व्यहोरा जानकारी गराउन चाहान्छु।

४. हाल नेपाल सरकार, अर्थ मन्त्रालयबाट समपूरक अनुदान स्वरूप प्राप्त रकमबाट १० वटा विभिन्न सडक एवं विद्युतीकरण सम्बन्धी करिब रू ४४ करोडका आयोजना/कार्यक्रम कार्यान्वयनमा गएको र विशेष अनुदानतर्फ ३९ वटा खानेपानी आयोजनाहरू करिव रू. ४२ करोड कार्यान्वयनमा लैजाने निर्णय भएको जानकारी गराउन चाहान्छु।

५. समपूरक तथा विशेष अनुदानका आयोजनाहरू सबै संघ र प्रदेशको कार्यविधि अनुसार प्रक्रियागत रूपमा छानिन्छन्। प्रक्रिया र विधि नपुगेका आयोजनाहरू अस्वीकृत हुन्छन्। लोकतन्त्रमा विधिको शासन लागू हुन्छ। विना विधि आयोजना छनौट र खर्च गर्नु भनेको अख्तियारको दुरूपयोग गर्नु हो। विधि र प्रक्रिया नपुऱ्याई प्रस्ताव पेश गर्ने र अस्वीकृत भएमा भ्रम फिजाँउने काम गलत हो। राज्यको सम्पत्ति दुरूपयोग हुनुहुँदैन, सदुपयोग गर्नु पर्छ। त्यसका निम्ति हामी सबैले कानून र विधिलाई मान्नु पर्छ।

(ध्रुव प्रसाद पाण्डे)
बजेट योजना तथा कार्यक्रम महाशाखा,
आर्थिक मामिला तथा योजना मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल।